# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# गोरखा बहुप्राविधिक शिक्षालय

## पालुङटार-०४, गोरखा

पत्रसंख्या -:

च .न -: .

बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/३२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा स्थापित गोरखा बहुप्राविधिक शिक्षालयमा सुरक्षा सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको वोलपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ ।

शर्तहरूः

१. वोलपत्र सूचना प्रकाशित भएको मितिले २१ दिन २०८३/०४/२१ गतेका दिन दिउँसो १२:०० बजे सम्ममा eGP मार्फत् दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएका वोलपत्रहरु सोही दिन १३:०० बजे सम्बन्धित वोलपत्रदाताहरुको रोहबरमा यस कार्यालयमा(वोलपत्रदाता उपस्थित नभए पनि) खोलिनेछ।

२. वोलपत्र फाराम खरिद गर्न फर्म/संस्था/कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिला वा कर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेस गर्नुपर्नेछ ।

३. वोलपत्र फाराम साथ वोलपत्र जमानत (बिडबन्ड) वापत रू. ६००००/- (अक्षेरुपि साठी हजार रूपैयाँ मात्र) गोरखा बहुप्राविधिक शिक्षालय, पालुङटार-०४, गोरखाको नाममा रहेको कृषि विकास बैक लिमिटेड, पालुङटार गोरखा शाखाको खाता नं. ०३१७७००९५९५४८०१० मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित 'क' श्रेणीको बणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले वोलपत्रको जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।

४. सम्बन्धित कार्यमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएका वा तथा श्रम नियमावली बमोजिम श्रम कार्यलयमा दर्ता भएको हुनु पर्ने छ ।

५. वोलपत्रदाताले कबोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ ।

६. वोलपत्र फाराम दर्ता गर्दा यस कार्यालयको नाम, वोलपत्र नं. र कार्यको नाम स्पष्ट रुपमा लेख्नुपर्नेछ । वोलपत्रमा वोलपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।

७. हुलाक, कुरियर, इ-मेल वा फ्याक्सबाट प्राप्त वोलपत्र फारामलाई मान्यता दिइने छैन । म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नामबाट खरिद भई अर्काको नाममा दर्ता हुन आएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

८. वोलपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

९. प्रस्तावकले वोलपत्र इ-बिडिंग मार्फत Website:www.bolpatra.gov.np/egp बाट Download/Upload गरी खरिद तथा दर्ता गर्नुपर्नेछ ।

१०. अन्य शर्तहरू वोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । सूचना र वोलपत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन समेत), सिटिईभिटी सेवा करार निर्देशिका २०७४, श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (स.स) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

११. वोलपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस शिक्षालयको फोन नं ०६४-४०००९५, मा सम्पर्क राखी बुझ्न सकिनेछ ।